कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- ०८१/८०
चलानी नं. / Dispatch No.:-

मिति : २०८०/०३/३१

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७** को नियम (४) को उपनियम (१) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुपर्ने व्यवस्था अनुसार कञ्चन गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०८० श्रावण १ देखि भाद्र मसान्त भित्र** अनिवार्य रुपमा आफ्नो वडा कार्यालयमा स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन सूचित गरिन्छ। बालबालिका वा आफै उपस्थित हुन नसक्ने ब्यक्तिको हकमा निजको आमा, बाबु वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नुहुनेछ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु:**

- १३(तेह्र) अङ्क सहितको लाभग्राही परिचयपत्र,
- पासपोर्ट साइजको फोटो एक प्रति ,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित बैङ्कबाट जारी भएको नाम थर र खाता नम्बर बुझिने चेकको प्रतिलिपि,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि,
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष माथिका महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- न्यायिक पृथकीकरण गरी बसेको महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- विवाह नगरी वसेका ६० वर्ष माथिका महिलाको हकमा वडाको अविवाहित सिफारिस पत्र,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

**पुनश्च** : तोकिएको समयमा परिचयपत्र नवीकरणका लागि निवेदन पेश नभएमा **सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम ४ को उपनियम ६** बमोजिम लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सुचिकृत हुन चाहेमा **सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२** बमोजिम निवेदन दिन पर्ने र निवेदन दिएको अर्को महिनाबाट मात्र सामाजिक सुरक्षा भत्ता उपलब्ध हुने भएकाले समयमै नवीकरण गर्नु / गराउनुहुनका लागि अनुरोध छ।

***थप जानकारीका लागि:****कञ्चन गाउँपालिका (सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई), मा सम्पर्क गर्न सक्नुहुनेछ।*

२०८०/३/३१
..................
(सागर गौतम)
प्रमुख प्रशासकीय अधिकृत

Website: www.kanchanmun.gov.np E-mail: kanchangaupalika@gmail.com